कोशी प्रदेश सरकार

प्रदेश लगानी प्राधिकरणको कार्यालय

विराटनगर, नेपाल

घर भाडामा लिने सम्बन्धी पन्ध्र दिने सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३/०८/०७

कार्यालय प्रयोजनका लागि घर/फ्ल्याट बहालमा लिन तपसिल बमोजिमको मापदण्डभित्रको घर भाडामा लिनुपर्ने हुँदा इच्छुक घरधनीबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा आई पुग्ने गरी आफूले दिन सक्ने बहाल दररेट खुलाइ रीतपूर्वकको निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१. भाडामा लिनुपर्ने घर विराटनगर महानगरपालिका क्षेत्रभित्र करिब ५ किलोमिटरको दूरी आसपास भित्र अवस्थित हुनुपर्ने।

२. चारैतिर कम्पाउण्ड वाललले घेराबार भएको हुनुपर्ने।

३. गाडी पार्किङ गर्ने पर्याप्त सुविधा हुनुपर्ने।

४. प्रशस्त घाम पर्ने उपयुक्त घर हुनुपर्ने।

५. घरमा विद्युत, धारा, भान्सा, पानी शौचालयको सुविधा भएको हुनुपर्ने।

६. बहाल लिने घरमा कम्तीमा १०–१२ कोठा हुनुपर्ने।

७. घरधनीले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, सो घर अवस्थित जग्गाको धनीपूर्जाको प्रतिलिपि, सो घरको स्वीकृत नक्सा तथा निर्माण सम्पन्नको प्रमाणपत्रको प्रतिलिपि, घरजग्गाको लाग्ने हालसम्मको सबै किसिमको कर र दस्तुर तथा पानी, बिजुलीको महसुल चुक्ता गरेको प्रमाणको प्रतिलिपिसहित निवेदन पेश गर्नुपर्नेछ।

८. आफूले भाडामा दिन चाहेको घरजग्गामा कति भाडा दरमा दिन सकिने हो? घर बहाल कर सहित मासिक रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। नियमानुसारको घर बहाल कर लाग्नेछ।

१०. निवेदन प्राप्त भएका घर भाडामा लिने वा नलिने भन्ने अधिकार यस कार्यालयमा निहित हुनेछ।

११. अन्य कुराहरू यस कार्यालयले तोके बमोजिम हुनेछ।

२०८३/८/१६

(सतिश सत्याल)

उपसचिव

सतिश सत्याल

उपसचिव